## मिति २०७६/०४/१९ मा भएको गाउँ कार्यपालिकाको ४७ औं बैठकको निर्णयहरु :

१) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नियम ज को (११) , मर्स्याङ्दी शैक्षिक घोषण २०७४, मर्स्याङ्दी स्थानिय शिक्षा ऐन २०७५ को परिच्छेद ५ को नियम २७, शैक्षिक तथ्याङ्क २०७६, दरबन्दि मिलान सम्बन्धि गठित कार्यदलले दिएको प्रतिवेदन र कार्यदलले गरेको स्थलगत निरीक्षण समेतलाई आधार मानी शिक्षक दरवन्दि मिलान गर्न शिक्षा समितिको मिति २०७६ साउन १६ गते बसेको बैठकले सिफारिश गरेको देहायका मापदण्डहरुलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै कक्षा १ - ३ चलेको विद्यालयको हकमा १ दरवन्दि कायम भएको र वाल शिक्षक नभएको विद्यालयको हकमा २०७६ भदौ १ गते देखि लागु हुने गरि सरकारले व्यवस्था गरे अनुसारको सेवा सुविधा गाउँपालिकाले व्यहोर्ने गरि १ जना वाल शिक्षकको दरवन्दि व्यवस्था गर्ने निर्णय गरियो । साथै मापदण्ड अनुसार विद्यालयहरुको दरबन्दि मिलान गर्न आवश्यक शिक्षकहरुको सरुवा तथा थप आवश्यकताको आधारमा शिक्षक सरुवा गर्ने जिम्मेवारी गाउँपालिका अध्यक्ष, सामाजिक विकास समितिको संयोजक र शिक्षा शाखा प्रमुखको संयूक्त सहमतिमा दिने निर्णय गरियो ।

क) कक्षा १ - ३ सञ्चालन भएका विद्यालयहरुको सम्बन्धमा ।

- ५ जना सम्म विद्यार्थी संख्या भएको विद्यालयमा १ शिक्षक दरबन्दि कायम गर्ने ।
- ६ देखि २० जना विद्यार्थी संख्या भएको विद्यालयमा २ शिक्षक दरबन्दि कायम गर्ने ।
- २१ देखि ४० जना विद्यार्थी संख्या भएको विद्यालयमा ३ शिक्षक दरबन्दि कायम गर्ने ।
- ४१ देखि ६० जना विद्यार्थी संख्या भएको विद्यालयमा ४ शिक्षक दरबन्दि कायम गर्ने ।
- ६१ देखि ९० जना विद्यार्थी संख्या भएको विद्यालयमा ५ शिक्षक दरबन्दि कायम गर्ने ।
- ९० भन्दा माथी विद्यार्थी संख्या भएको विद्यालयको हकमा ६ शिक्षक दरबन्दि कायम गर्ने ।

ख) कक्षा १ - ५ सञ्चालन भएका विद्यालयहरुको सम्बन्धमा ।

- १० जना सम्म विद्यार्थी संख्या भएको विद्यालयमा २ शिक्षक दरबन्दि कायम गर्ने ।
- ११ देखि ३५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ३ शिक्षक दरबन्दि कायम गर्ने ।
- ३६ देखि ५५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ४ शिक्षक दरबन्दि कायम गर्ने ।
- ५६ देखि ७५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ५ शिक्षक दरबन्दि कायम गर्ने ।
- ७६ देखि १०० जना विद्यार्थी संख्या भएको विद्यालयमा ६ शिक्षक दरबन्दि कायम गर्ने ।
- १०१ भन्दा माथी विद्यार्थी संख्या भएको विद्यालयको हकमा ७ शिक्षक दरबन्दि कायम गर्ने ।

ग) कक्षा १ - ८ सञ्चालन भएका विद्यालयहरुको सम्बन्धमा बुँदा नम्बर 'क' र 'ख' मा जे भनिएता पनि आधारभूत विद्यालयको हकमा कम्तिमा कक्षागत दरबन्दि कायम गर्ने निर्णय गरियो । तर कक्षा खाली भएका आधारभूत विद्यालयको सम्बन्धमा भने यो निर्णय हालको लागि लागु हुने छैन ।

घ) कक्षा १ - १० सञ्चालन भएको विद्यालयहरुको सम्बन्धमा बुँदा नम्बर 'क', 'ख' र 'ग' अनुसार बनाईएको विद्यार्थी संख्याको आधारलाई कार्यन्वयन गर्दै मा.वि.को हकमा हाल कायम रहेको न्यूनतम ५ मा.वि. दरबन्दि उपलब्ध गराउन नसकिएकोले मा.वि.को न्युनतम दरबन्दिको प्रावधानलाई ध्यानमा राखी क्रमश प्रा.वि. दरबन्दिबाट शिक्षक व्यवस्थापन गर्दै लैजाने निर्णय गरियो ।

ङ) कक्षा १-१२ सञ्चालन भएको विद्यालयको हकमा बुँदा नम्बर 'क' देखि 'घ' सम्मको मापदण्डलाई आधार मान्दै आधारभूत तह र मा.वि.(९-१२) लहलाई ध्यानमा राख्दै प्रा.वि. तहबाट हाललाई थप शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

२) बर्षातको समयमा हुन सक्ने सम्भावित विपदहरुलाई मध्यनजर राखी गाउँपालिका र वडा स्तरिय विपद व्यवस्थापन समितिहरुको २०७६ साउन २४ गते भित्र बैठक राखी टोल टोल वस्ति वस्तिहरुमा विपद सम्बन्धि सतर्कता र पूर्व तयारी बारे छलफल तथा सचेतना कार्यक्रमहरु सञ्चालन गर्नुका साथै विपद आईहाले के कसरी उद्धार तथा न्युनिकरण गर्न सकिन्छ भन्ने बारे समेत छलफल र तयारी गर्न निर्देशन दिने निर्णय गरियो ।

३) मर्स्याङ्दी नदीमा भएको ढुङ्गा बालुवाको गत आर्थिक वर्ष विभिन्न स्थानको लागि निस्काशन गरेको टेण्डरमा कुनै पनि स्थानको लागि टेन्डर नपरेको कारण यस आर्थिक वर्षको लागि विभिन्न स्थानहरुमा रहेको ढुङ्गा बालुवाको अनुमानित परिमाणको आधारमा वडा कार्यालयको सिफारिसमा आपसी समझदारीमा गाउँ कार्यपालिकाको निर्णय अनुसार ठेक्कामा उत्खनन गर्न दिने निर्णय गरियो । साथै आजको मितिदेखि लागु हुने गरि कुनै पनि स्थानहरुबाट अनुमति बिना ढुङ्गा बालुवा उत्खनन् गरि विक्रि वितरण गर्न रोक लगाउने निर्णय समेत गरियो । तर निजि प्रयोजनको लागि बोरामा लैजान स्थानियहरुलाई यो निर्णयले बाधा पुऱ्याउने छैन ।